*नमूना*

# मेलौली नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

**प्रमाणीकरणमिति :** २०७५/०३/३२

## २०७५ सालको ऐन नं.५

**प्रस्तावनाः** नेपालको संविधानको अनुसूची ८ र ९तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मेलौली नगरपालिकाको सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्तनाम, विस्तार र प्रारम्भ** :(१) यो ऐनको नाम मेलौली नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमितगर्ने) ऐन, २०७५ रहेको छ ।

(२) यो ऐन मेलौली नगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा** : (१) बिषयवाप्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन"भन्नाले मेलौली नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले मेलौली नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) "स्थानीयतह"भन्नाले मेलौली नगरपालिकालाई सम्झनु पर्छ ।

(घ) "सभा"भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभावाधारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ ।

(ङ) "संविधान"भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **नियमबनाउने अधिकार** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त मेलौली नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीयतहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४.**निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्नेः**(१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही मेलौली नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।